# पौवादुङमा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय,
## च्याङ्ग्रे, भोजपुर

१ नं. प्रदेश, नेपाल

प.सं.***(Let NO.)*** :०७६।७७

च.नं. (***Ref. No.)*** :-

मिति २०७६।०१२।०४

सूचना !                सूचना !            सूचना !

उपरोक्त सम्बन्धमा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना ( सञ्चालन तथा व्यवस्थापन ) कार्यविधि २०७६, कार्यान्वयन गर्ने सन्दर्भमा आर्थिक वर्ष २०७७।७८मा १०० दिनको रोजगारी प्रदान गर्नका निमित्त प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका ,२०७५ को दफा (१८)को उपदफा (१) तथा उक्त निर्देशिकाको अनुसूची (१) बमोजिम बेरोजगार दर्ताका लागि निवेदन आह्वान गरिएको सूचना प्रकाशित भएको जानकारी गराइन्छ । साथै आर्थिक वर्ष २०७७।७८मा १०० दिनको रोजगारीमा संलग्न हुन इच्छुक सम्पूर्ण बेरोजगार व्यक्तिहरुले आ –आफ्नो वडा कार्यालयमा आवश्यकीय कागजात सहित यहि मिति २०७६।१२।०९ गते देखि चैत्र मसान्त सम्ममा बेरोगार दर्ताका लागि निवेदन दिईसक्नुपर्नेछ । म्याद नागेका र रीत नपुगेका निवेदन उपर कुनै कारबाही हुनेछैन । फाराम भर्न तथा भराउन अस्पष्ट भएमा पौवादुङमा गाउँपालिकाको कार्यालय रोजगार सेवाकेन्द्र च्याङ्ग्रे ,भोजपुरमा यथाशीघ्र सर्म्पक (९८१०३५२९९८ रोजगार संयोजक सुमित्रा कार्की ) गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको व्यहोरा जानकारी गराइन्छ ।साथै बेरोजगार दर्ताका लागि निवेदन वडा कार्यालयमा निःशुल्क उपलब्ध गराइने व्यहोरा समेत जानकारी गराइन्छ ।

<u>आवश्यक कागजात</u>

- निवेदकको सक्कल नागरिकता वा स्पष्ट बुझिने नागरिकताको फोटोकपी १ प्रति
- निवेदकको पासपोर्ट वा एम. आर.पि. साइजको फोटो २ प्रति
- विवाहित महिला निवेदक भएमा नागरिकता बनाएको जिल्ला र स्थायी बसोबास फरक भएमा विवाह दर्ताको प्रमाणपत्रको फोटोकपी १ प्रति
- निवेदक बसाईंसरी आएको भएमा बसाईंसराइको प्रमाणपत्रको फोटोकपी १ प्रति
- निवेदकको वा परिवारका अन्य सदस्यको कामको अनुभव भएमा अनुभवको प्रमाणपत्रको प्रतिलिपि १ प्रति
- परिवारका अन्य सबै सदस्यको सक्कल नागरिकता वा स्पष्ट बुझिने नागरिकताको फोटोकपी १ प्रति
- परिवारका अन्य सदस्य १८ वर्ष मुनिका भएमा सबै जनाको जन्मदर्ताको प्रमाणपत्रको फोटोकपी १ प्रति
- नेपाल इनभेष्टमेन्ट बैंकको खाता नम्बर
- परिवारका कोही सदस्य अपाङ्गता भएमा अपाङ्गताको प्रमाणपत्रको फोटोकपी १ प्रति

सुमित्रा कार्की
रोजगार संयोजक

रमेश राई
प्रमुख प्रशासकीय अधिकृत

( नोट : निवेदकले आफ्नो र आफ्नो परिवारको सम्पूर्ण सदस्यको विवरण यथार्थ बुझाउनुपर्नेछ । अन्यथा रोजगार व्यवस्थापन सूचना प्रणलीमा प्रविष्ट गर्न असम्भव भएकोले तपाले भरेको फाराम अस्वीकृत हुने व्यहोरा समेत जानकारी गराइन्छ ।